# भाग एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमी

कुनै पनि संगठनमा कार्यरत जनशक्तिमा रहेको ज्ञान र सीपमा थप अभिवृद्धि गर्ने र कार्यशैलीमा सकारात्मक परिवर्तन ल्याउने बिभिन्न तरिकाहरु मध्ये प्रशिक्षण एक महत्वपूर्ण माध्यम हो। संगठनमा काम गर्ने जनशक्तिको निरन्तर सिकाईको माध्यमबाट मात्र संगठनमा जीवन्तता कायम गरी संगठनको उद्देश्य हासिल गर्न मद्दत पुग्दछ। त्यसैले संगठनमा कार्यरत कर्मचारीहरुको बीचमा अन्तर्क्रिया, तालिम र प्रशिक्षणको आवश्यकता हुन्छ। यसै आवश्यकतालाई महसूस गरी न्याय प्रशासनमा संलग्न न्यायाधीश, सरकारी वकील, न्याय सेवाका कर्मचारी तथा न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको दक्षता र क्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण कार्यक्रम संचालन गर्ने समेतका उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो। यस प्रतिष्ठानले आफ्नो स्थापना कालदेखिनै न्यायाधीश, सरकारी वकिल लगायतका न्यायिक क्षेत्रका जनशक्तिलाई लक्षित गरी आधारभूत तालिम, सेवाकालीन तालिम तथा बिभिन्न बिषयका विषयगत तथा विशिष्टकृत प्रशिक्षण कार्यक्रम, बिभिन्न बिषयमा अन्तरक्रिया कार्यक्रम संचालन गरी आएको छ ।

तालिम, प्रशिक्षण र अन्तरक्रिया कार्यक्रमले समेट्ने पाठ्यक्रमको विषयवस्तु तय गर्दा सरोकारवाला निकाय र पदाधिकारीहरुको आवश्यकता, न्याय र कानूनका क्षेत्रमा बिकसित नविनतम् अवधारणा, मूल्य मान्यता, कानूनको बुझाइमा स्पष्टता र एकरुपता, अभ्यासमा देखिएका समस्याहरुलाई समाधान गर्ने तर्फ लक्षित गरी गर्ने गरिएको छ। साथै संवन्धित सेवा प्रदायक संस्थाको कार्य प्रकृति समेतको आधारमा र संवन्धित संस्थामा कार्यरत बिज्ञ समेतको संलग्नतामा गर्ने गरिएको छ। प्रशिक्षण कार्यक्रम तयार गर्दा वैज्ञानिक प्रशिक्षण पद्दतीलाई अवलम्बन गर्ने गरिएको छ। प्रतिष्ठानले प्रशिक्षण चक्रको पद्दतीलाई आत्मसात गर्दै सम्बन्धित सरोकारवाला निकाय र सम्भावित सहभागीहरुको आवश्कताको पहिचान गर्ने र सोही आधारमा पाठ्यक्रमहरु निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। साथै कार्यक्रमका सहभागीहरुले गरेको मूल्याङ्कन, पृष्ठपोषणका साथै सो कार्यक्रममको संचालनका क्रममा प्राप्त अनुभब र सिकाई समेतका आधारमा पाठ्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन गर्ने गरिएको छ।

## १.२ पाठ्यक्रमको परिचय

प्रभावकारी न्याय प्रशासनका लागि न्याय संपादनमा संलग्न हुने अधिकारीहरु, सरकारी वकीलहरु र अनुसंधान अधिकृतहरु तथा अन्य सरोकारवाला निकायहरुमा कार्यरत सवैले आफ्नो कार्य जिम्मेवारी प्रभावकारीरुपमा पुरा गर्नु पर्दछ। साथै न्याय संपादनको काममा संलग्न सबैले आफ्नो कार्य जिम्मेवारीलाई प्रभावकारीरुपमा निर्वाह गर्न सक्ने सक्षमता र दक्षता विकास गरी उच्च मनोबल कायम गरेर कार्य संपादन गर्नु पर्दछ। फौजदारी न्याय प्रशासनको एक महत्वपूर्ण अंगको रुपमा सरकारी वकील रहेका छन्। फौजदारी न्याय प्रशासनको संचालनमा प्रभावकारिता ल्याउन अभियोजनकर्ताको रूपमा रहेका सरकारी वकीलले संविधान र कानूनले प्रदान गरेका जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्नु पर्दछ।

सरकारी वकीललाई कानूनले तोकेको कार्य जिम्मेवारी व्यवसायिक प्रकृतिको छ। त्यसैले सरकारी वकीलले ती जिम्मेवारी र भूमिकालाई प्रभावकारीरुपमा निर्वाह गर्न सक्षमताको विकास गर्न जरुरी छ। यसका लागि सरकारी वकीलले व्यक्तिगततवरले निरन्तररुपमा प्रयत्न गरी पद अनुरुपको सक्षमता, दक्षताको र सीपको अभिबृद्दी गरी व्यवसायिक आचरणका नियमहरु पालना गरी कार्य संपादन गर्नु पर्दछ। व्यवसायिकताको लागि पेशा प्रतिको निष्ठा, सदाचार र पेशागत आचरणका नियमहरुको कडाईका साथ पालना गर्नु आवश्यक हुन्छ। साथै सबद्द नियम कानूनको पूर्णरुपमा पालना गर्नु पर्दछ। यसकालागि संबन्धित निकायका साथै तालिम प्रदायक संस्थाबाट व्यवसायिक आचरणका विषयमा केन्द्रित गरी संचालन गरिएमा ती प्रशिक्षण र अन्तरक्रिया कार्यक्रम बाट समेत सरकारी वकीलको व्यवसायिकताको अभिबृद्धि गर्न थप मद्दत पुग्न सक्ने देखिन्छ ।

यसै पृष्ठभूमिमा सरकारी वकीलहरूमा व्यवसायिक निष्ठा र सदाचारको अभिवृद्धि गर्ने उद्देश्य राखी राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट यो पाठ्यक्रम तयार गरिएको छ। यस पाठ्यक्रम अनुसार सबै सरकारी वकीलहरुलाइ व्यवसायिक आचरण सम्वन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

## १.३ पाठ्यक्रमको लक्ष्य र उद्देश्य

- सरकारी वकीलहरुलाई व्यवसायिकता र व्यवसायिक आचरण सम्वन्धी बिषयमा अवधारणागत बिकास, अन्तर्राष्ट्रियरुपमा बिकसित मान्यता र नेपालका सरकारी वकीलको आचार संहिताको बारेमा एकआपसमा छलफल गर्ने अवसर जुटाई यस विषयमा व्यवहारिक ज्ञान र सीप अभिवृद्धि गर्न सहयोग पुर्याउने ।
- सरकारी वकीलहरुलाई आचारंहिता आत्मासात गरी पालना गर्ने अभ्यास बढाउन अभिप्रेरित गर्ने।

- सरकारी वकीलको व्यवसायिकता र पेशा प्रतिको निष्ठामा अभिवृद्दि गर्ने ।
- न्याय प्रणाली प्रतिको जनविश्वास अभिवृद्दी गर्न मद्दत पुर्याउने ।

## १.४ सहभागिता, सहभागी संख्या र अवधि

सरकारी वकीलहरुलाई लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछः

**१.४.१ सहभागिता:** यस प्रशिक्षणका सहभागीहरु नेपाल न्याय सेवा, सरकारी वकील समूहका सरकारी वकील हुनेछन्।

**१.४.२ सहभागी संख्या:** एक अन्तरक्रिया कार्यक्रममा जम्मा पच्चीस(२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

**१.४.३ अवधि:** यस प्रशिक्षणको अवधि तीन कार्य दिनको हुनेछ। एक दिनमा तीन सत्र तय गरिने र प्रत्यक सत्र एक घण्टा तीस मिनेटको एक सत्र हुनेछ।

## १.५ पाठयक्रमको संरचना

प्रस्तुत पाठयक्रमले सरकारी वकीललाई व्यवसायिक निष्ठा, सदाचार र नैतिक आचरणको बारेमा सैद्धान्तिक र व्यवहारीक ज्ञान  दिलाउने र कार्य सम्पादनमा सघाउ पुग्न सक्ने गरी तय गरिएको छ। पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी, लक्ष्य, उद्देश्य, सहभागिता, प्रशिक्षण अवधि, प्रशिक्षणको मूल्याङ्कन समेत) रहेका छन् । दोस्रो भागमा प्रशिक्षणका मोड्यूल बमोजिमका सत्रहरु समावेश गरिएका छन्। पाठ्यक्रमको अन्त्यमा सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## १.६ पाठ्यक्रमका मोड्युल वा सत्रहरु

यस प्रशिक्षणमा देहाय बमोजिम दुई वटा मोड्युल र ९ वटा सत्रहरु समावेश गरिएको छ।

### १.६.१ मोड्यूल एकः व्यवसायिकता र व्यवसायिक आचरण सम्बन्धी अवधारणा र सैद्धान्तिक पक्ष

१.६.१.१ व्यवसायिकता र आचारसंहिता

१.६.१.२ अभियोजनकर्ताको व्यवसायिक स्वतन्त्रता र उत्तरदायित्व

१.६.१.३ अभियोजनकर्ताको व्यवसायिकता र आचरण संवन्धमा विकसित मान्यता र मापदण्ड

१.६.१.४ सरकारी वकीलको आचरण र आचारसंहिता संबन्धमा रहेका कानूनी व्यवस्था

१.६.१.५ सदाचार र सरकारी वकिलले ध्यान दिनु पर्ने अन्य आचरणगत कुराहरु

**१.६.२ मोड्यूल दुईः सरकारी वकीलहरुको व्यावसायिक आचरणसंग सम्बन्धी अभ्यास**

१.६.२.१ व्यवसायिक स्वतन्त्रता र उत्तरदायित्वका संवन्धमा रहेको महत्वपूर्ण फैसला र आदेशहरु

१.६.२.२ तनाव व्यवस्थापन र सकरात्मक सोच

१.६.२.३ शिष्टाचार

१.६.२.४ सरकारी वकील तथा कर्मचारीहरूको आचारसंहिताको पालनामा देखिएका समस्या, चुनौति र अबको बाटो

**१.७ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन**

उपलब्ध बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको छुट्टा छुटै मूल्याङ्कन हुनेछ।साथै आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

**भाग दुई**

**मोड्यूल र सत्र**

**२.१ मोड्यूल एकः व्यवसायिकता र व्यवसायिक आचरण सम्बन्धी अवधारणा र सैद्धान्तिक पक्ष**

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | **व्यवसायिकता र आचारसंहिता** | • व्यवसायिकताको अवधारणा<br>• सरकारी सार्वजनिक सेवाभित्र व्यवसायिकता<br>• व्यवसायिकताका आधारभूत तत्वहरु<br>• सावर्जनिक पदमा आसिन अधिकारीले पालना गर्नु पर्ने नैतिक मापदण्ड (संयुक्त अधिराज्यको नोलान समितिले गरेको सिफारिश समेत)<br>• अभियोजन कर्ताको व्यवसायिकता विकास<br>• अभियोजन कर्ता र कर्मचारीको आचारसंहिताको आवश्यकता र औचित्य | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २. | **अभियोजनकर्ताको व्यवसायिक स्वतन्त्रता र उत्तरदायित्व** | • अभियोजनकर्ताको व्यवसायिक स्वतन्त्रता सम्बन्धि अवधारणा<br>• व्यवसायिक स्वतन्त्रता सम्बन्धि सिद्धान्तको अभ्यास।<br>• व्यवसायिक स्वतन्त्रता र उन्मुक्ति सम्बन्धि सिद्धान्तको अभ्यासमा रहेका सीमितता ।<br>• अभियोजनकर्ताको उत्तरदायित्व।<br>• अभियोजनको कार्यमा स्वतन्त्रता, स्वच्छता, निस्पक्षता कायम गरी संस्थाप्रतिको जनविश्वास बढाउन अभियोजन कर्ताको भूमिका । | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलतथा अन्तरक्रिया |
| ३. | **अभियोजनकर्ताको व्यवसायिकता र आचरण संबन्धमा विकसित मान्यता र मापदण्ड** | • अभियोजनकर्ताको व्यवसायिक र नैतिक आचरण (Ethical values in prosecution service: learnings from philosophy<br>• UN Guidelines on the Role of Public Prosecutors, 1990;<br>• European Norms and Principles Concerning Prosecutor: The Budapest Guideline | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | | • The International Association of Prosecutors' Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors,<br>• National Prosecutions Standards (National District Attorney's Associations)<br>• विभिन्न देशमा रहेका अभ्यास | | |
| ४. | **सरकारी वकीलको आचरण र आचारसंहिता संबन्धमा रहेका कानूनी व्यवस्था** | • निजामती सेवा ऐन र नियमावलीले गरेका कर्मचारीको आचरण सम्बन्धि प्रावधानहरु<br>• मुलुकी फौजदारी अपराध संहिता, २०७४<br>• निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५<br>• सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५<br>• कानून कार्यान्वयनको अवस्था | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ५. | **सदाचार र सरकारी वकिलले ध्यान दिनु पर्ने अन्य आचरणगत कुराहरु** | • सदाचार<br>• अभियोजन निर्णयमा एकरुपकता<br>• सरकारी वकीलले ध्यान दिनु पर्ने अन्य आचरणगत कुराहरुः कार्यालय भित्र र बाहिर; अदालत/इजलास भित्र र बाहिर; सरोकारवालाहरु; सेवाग्राही; पीडित; बालबालिका कानून व्यवसायी;<br>• कार्य स्थलमाहुने दुर्व्यवहार नियन्त्रण।<br>• भाषाको प्रयोग (अभियोजन निर्णय, पुनरावेदन पत्र, वकपत्र, वहस पैरवी आदि)<br>• सामाजिक संजालको प्रयोग | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

## २.२ मोडयूल दुईः व्यावसायिक आचरण सम्बन्धी अभ्यास

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| ६. | **व्यवसायिक स्वतन्त्रता र उत्तरदायित्वका संबन्धमा रहेको महत्वपूर्ण फैसला र आदेशहरु** | • बद्री बहादुर कार्की बि. अ. दु. अ. आ. , ने. का. प. २०५८, नि. नं. ७००१<br>• मधु सुदन भट्टराई बि. नरेन्द्र बहादुर चन्द समेत, ने. का. प. २०५९, नि. नं. ७०८२<br>• सुन्तली धामी बि. जि. प्र. का. अछाम, ने. का. प. २०६८, नि. नं. ८५४१<br>• धनकुमारी बस्नेत बि. म. न्या. का.; ने. का. प. २०७५, अंक १०, नि. नं. १०११४<br>• नेपाल सरकार वि. कुलबहादुर कार्की; ने. का. प. २०७६, अंक ४, नि. नं. १०२२४<br>• टेकबहादुर घिमिरे वि. नेपाल सरकार मन्त्रिपरिषद; ने. का. प. २०७५, अंक १०/११, नि. नं. १०५८४ ।<br>• अन्य फैसलाहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ७. | **तनाव व्यवस्थापन र सकरात्मक सोच** | • तनाव व्यवस्थापनः आवश्यकता, महत्व र तनाव व्यवस्थापन गर्ने तरीकाहरु<br>• सकरात्मक सोच, महत्व र सकरात्मक सोचको विकास गर्ने तरीकाहरु। | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ८. | **शिष्टाचार** | • आवश्यकता, महत्व<br>• औपचारिक कार्यक्रम<br>• अनौपचारिक कार्यक्रम<br>• सामाजिक व्यवहार | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| ९. | **सरकारी वकील तथा कर्मचारीहरूको आचारसंहिताको पालनामा देखिएका समस्या, चुनौति र अबको बाटो** | • समस्या, चुनौति, समाधान र अबको बाटो<br>• Case Study/Group Work | १ घण्टा ३० मिनेट | प्रवचन, समूहगत छलफल र समूह कार्य अन्तरक्रिया, प्यानल प्रस्तुतिकरण |

## सन्दर्भ सामग्री


१. UN Guidelines on the Role of Public Prosecutors, 1990
२. European Norms and Principles Concerning Prosecutors)
३. The Budapest Guideline adopted by the Conference of Prosecutors General of Europe 2005
४. National Prosecution Standards- (https://ndaa.org/wp-content/uploads/NDAA-NPS-3rd-Ed.-w-Revised-Commentary.pdf)
५. मुलुकी फौजदारी अपराध संहिता, २०७४
६. अख्तियार दुरुपयोग अनुसंधान आयोग ऐन, २०४८
७. निजामती कर्मचारी ऐन, २०४९
८. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
९. आर्थिक कार्यविधि ऐन २०५५, नियमावली, २०६४
१०. भ्रष्टाचार निवारण ऐन, २०५९
११. सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४
१२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
१३. निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
१४. सुशासन नियमावली, २०६५
१५. सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५,
१६. सेवा अभियान सञ्चालन निर्देशिका, २०६५
१७. सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५
१८. सार्वजनिक पदमा आसीन अधिकारीले पालना गर्नु पर्ने नैतिक मापदण्ड (संयुक्त अधिराज्यको नोलान समितिले सिफारीसले गरेको)
१९. नेपालका सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्रहरु (प्रथम, दोस्रो, तेस्रो, चौथो)
२०. महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाहरु ( प्रथम, दोस्रो, तेस्रो)
२१. कानून पत्रिकाहरु
   - बद्री बहादुर कार्की बि. अ. दु. अ. आ. , ने. का. प. २०५८, नि. नं. ७००१
   - मधु सुदन भट्टराई बि. नरेन्द्र बहादुर चन्द समेत, ने. का. प. २०५९, नि. नं. ७०८२
   - सुन्तली धामी बि. जि. प्र. का. अछाम, ने. का. प. २०६८, नि. नं. ८५४१
   - धनकुमारी बस्नेत बि. म. न्या. का.; ने. का. प. २०७५, अंक १०, नि. नं. १०११४
   - नेपाल सरकार वि. कुलबहादुर कार्की; ने. का. प. २०७६, अंक ४, नि. नं. १०२२४

- टेकबहादुर घिमिरे वि. नेपाल सरकार मन्त्रिपरिषद; ने. का. प. २०७५, अंक १०/११, नि. नं. १०५८४